फोन नं.:- ०८९-४३०२४५

Email:- infodcjajarkot@dcourt.gov.np

# जाजरकोट जिल्ला अदालत

## खलंगा, जाजरकोट

पत्र संख्याः- २०७८/०७९

चलानी नं. : १३६२

प्रशासन शाखा

मितिः-२०७८/१२/१३

सूचना !!!

सूचना !!

सूचना !

यस अदालतमा आउने सेवाग्राहीमध्ये कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त, नावालक र आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिहरुलाई कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(१) बमोजिम वैतनिक कानून व्यवसायी रहने व्यवस्था भएकोमा उक्त पद मिति २०७९/०१/०१ गतेबाट रिक्त हुने भएकोले जिल्ला अदालत नियमावती, २०७५ को नियम १०१(१) बमोजिम वैतनिक कानून ब्यवसायीको नियुक्ति गर्नको लागि इच्छुक कानून व्यवसायीबाट दरखास्त आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारका कागजात लिई यस अदालतको प्रशासन शाखामा आफै उपस्थित भई दरखास्त दिनुहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ म्याद नाघी वा रित नपुगी आएका निवेदन उपर कुनै कारवाही नहुने वेहोरा अनुरोध छ ।

१.पदः- वैतनिक कानून व्यवसायि

२.आवश्यक पद संख्याः- १(एक)

३.संलग्न गर्नु पर्ने कागजातहररु

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. कानूनमा स्नातक वा स्नाकोत्तर गरेको प्रमाणपत्रको प्रतिलिपि

ग. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिलपि

घ. सम्वन्धित विषयमा कुनै तालिम प्रास गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि

४.प्रदान गर्नु पर्ने सेवाः- वैतनिक कानून व्यवसायीको हैसियतले प्रदान गर्नु पर्ने सेवा

५.पारिश्रमिकः- तोकिए अनुसार

६.पदावधिः- १ वर्ष

७.दरखास्त दस्तुरः- रु १०/-

८.छनौटको किसिमः- अन्तरवार्ता र तोकिएको अन्य आधारमा

९.अन्तरवार्ता मितिः-दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट प्रकाशित गरिनेछ

१०. नियुक्ति लिन आउनुपर्ने अवधिः- नियुक्तिका लागि छनौट भएका उम्मेदवारले छनौट भएको ७ दिन भित्र नियुक्ति लिन आउनुहोला ।

२०७८/१२/१२

नि.स्रेस्तेदार

नोटः- विस्तृत जानकारीका लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नु होला ।